# भीरकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बयरघारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः ०७५/०७६

चलानी नं.

मितिः २०७५।१२।२२

## प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सार्वजनिक सूचना

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्धी रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७६/७७ मा भीरकोट नगरपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक १८ देखी ५९ वर्ष उमेरका बेरोजगार व्यक्तिहरुले २०७५ चैत्र महिनामा आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना सम्प्रेषण गरिएको छ ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

- निवेदकले आफ्नो नागरिकताको १ प्रति फोटोकपी र एउटा पासपोर्ट साइजको फोटो सहित परिवारका अन्य सदस्यहरुको नागरिकता साथमा ल्याउनु पर्नेछ ।
- निवेदकको आफ्नो बैङ्क खाता छ भने बैङ्क खाताको विवरण जस्तैः बैङ्कको नाम र ठेगाना, खाता नम्बर साथै खाताको प्रकार खुलाउनु पर्नेछ ।
- परिवारको वार्षिक आय खुलाउनु पर्नेछ ।
- एकै परिवारका बेरोजगार व्यक्तिहरुले छुट्टाछुट्टै निवेदन दिनु पर्नेछ ।
- निवेदनको ढाँचा वडा कार्यालयमा निःशुल्क उपलब्ध छ, साथै **www.pmep.gov.np** र **www.bheerkotmun.gov.np** बाट पनि डाउनलोड गर्न सकिनेछ । निवेदन दिन शुल्क लाग्दैन । निवेदन पूर्ण रुपमा भरी वडा कार्यालयमा बुझाउनु पर्नेछ ।

धर्म राज ढुंगाना

प्रमुख प्रशासकीय अधिकृत